# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/२८ गते (दिनको २:०० बजे) को ३६ औं बैठक अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) प्रचलित ऐन बमोजिम पदाधिकारीहरुको सेवा, सुविधा भुक्तानी गर्न निर्देशन दिने।

ख) तीन तहबाट एउटै प्रकृतिका कार्यालय छुट्टाछुट्टै स्थापना हुँदा दोहोरो खर्च हुने देखिएकोले संघीय सरकार र स्थानीय सरकार संग समन्वय गरी एउटै प्रकृतिका दोहोरो कार्यालय नरहने व्यवस्था मिलाउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

च) मन्त्रालयले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

छ) प्रचलित कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिता कायम गर्न निर्देशन दिने।

ज) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।